शुक्लागण्डकी नगरपालिका स्थापना पछिको तेस्रो नगरपरिषदबाट पारित आर्थिक वर्ष २०७३/०७४को नीति,योजना,कार्यक्रम तथा बजेट सार्वजनिक गर्न शुक्लागण्डकी नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री हरिराम नागिलाबाट प्रस्तुत बजेट सम्वन्धी वक्तव्यः

शुक्लागण्डकी नगरपालिकाको सम्मानित नगर परिषदमा पाल्नु हुने,
आदरणीय प्रमुख अतिथिज्यू,
विशिष्ट अतिथि माननीय संबिधानसभा सदस्य ज्यूहरु,
श्रीमान प्रमख जिल्ला अधिकारी ज्यू,
श्रीमान स्थानीय विकास अधिकारीज्यू,
सुरक्षा निकायका प्रमुखज्यूहरु,
जिल्ला स्तरिय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
व्यास न.पा.का कार्यकारी अधिकृतज्यू,
बन्दिपुर न.पा.का कार्यकारी अधिकृतज्यू,
भानु न.पा. का कार्यकारी अधिकृतज्यू,
आवुखैरेनी न.पा.का कार्यकारी अधिकृत ज्यू,
नगरस्तरीय सर्वदलीय प्रतिनिधिज्यूहरु,
तनहूँ उद्योग वाणिज्य संघका अध्यक्षज्यू,
विभिन्न कार्यालय प्रमुखज्यूहरु,
सल्लाहकार समितिका सदस्यज्यूहरु,
राजश्व परामर्श समितिका सदस्यज्यूहरु,
पत्रकार महासंघ तनहूँका अध्यक्षज्यू,
उद्योग बाणिज्य संघका प्रतिनिधिज्यूहरु,
दुलेगैंडा, खैरेनीटार, ढोरफिर्दी खानेपानी उपभोक्ता समितिका अध्यक्षज्यूहरु,
नगरस्तरिय शान्ति समितिका संयोजक ज्यू,
वडा नागरिक मञ्चका संयोजक तथा सदस्यज्यूहरु,
टोल विकास संस्थाका अध्यक्ष एवं सदस्यज्यूहरु,
नागरिक समाजका अध्यक्षज्यू,
विभिन्न संघसंस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
आमन्त्रित अतिथिज्यूहरु,
पत्रकार मित्रहरु ,
मेरा सहकर्मी कर्मचारी साथीहरु,
एवं आदरणिय नगरवासी वुवा आमा तथा दाजुभाई दिदीबहिनीहरु ।

सर्वप्रथम मुलुकमा लोकतन्त्र स्थापनाका लागि समय समयमा भएका आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

शहिदहरुको सपना र मार्गदर्शन अनुरुपको विकासलाई सार्थक तुल्याउने यात्रामा हामी सवैलाई प्रेरणा मिल्ने अपेक्षा समेत यस घडीमा गर्न चाहन्छु । साथै यस तेस्रो नगरपरिषदको निर्णयहरु सार्वजनिक समारोहमा उपस्थित भई गरिमा बढाईदिनु हुने सर्म्पूण अतिथिज्यूहरु,संचारकर्मीज्यूहरु एवं सम्पूर्ण उपस्थित महानुभावहरु प्रति हार्दिक स्वागत एवं उच्च सम्मान व्यक्त गर्दछु ।

स्थानिय निकाय जनताको अत्यन्त नजिकको स्थानिय सरकार हो । स्थानिय सरकार सगँ जनताका धेरै अपेक्षा समेत हुने गर्दछन । समावेशी विकास र त्यसमा सहभागिता र जनताको अधिकतम हितलाई सम्वोधन गर्दै स्थानिय प्रजातान्त्रिक

अभ्यासको सुदृढीकरण गर्ने,लोकतन्त्रको लाभलाई वितरण एंव शसक्तिकरण, समावेशीकरण मार्फत मूल प्रवाहीकरण गर्ने नै आजको चुनौति र अवसर हो ।

नेपाली जनताको बलिदानी,त्याग र सघर्षबाट नेपाली जनता द्दरा आफै लेखिएको नेपालको संविधान २०७२ जारी भै सकेको अवस्थामा नेपालमा सघिंय संरचनाको अवधारणा आईसकेको कुरा विधितै छ । विकासको क्रममा पछाडी परेका वर्ग र क्षेत्रलाई विकासको मूलप्रवाहमा समाहित गर्नु,स्थानिय स्तरमा रोजगारीका अवसरहरु वृद्धि गरी युवा जनशक्तिलाई स्वरोजगार तर्फ उन्मुख गराउनु, निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिकरण तथा आधुनिकिकरण गर्नु,उपलब्ध स्रोत साधनलाई उत्पादनशिल क्षेत्रमा प्रवाहित गर्नु, स्थानिय स्तरमा सुशासन प्रवर्द्दन गर्नु आदि विकास प्रक्रियाको चुनौतिहरु हाम्रा सामु छन ।उल्लेखित चुनौतिका बाबजुत विकास प्रति सम्पूर्ण नगरवासीहरुको एक्यवद्धता र उत्साह तथा नगरमा क्रियशिल राजनैतिक दलहरुको सुझबुजपूर्ण समझदारीले सीमित स्रोत र साधनको महत्तम प्रयोग गरी जनचाहना अनुरुप प्राथमिकताका क्षेत्रमा स्रोत साधन विनियोजन गरिएको तथ्य स्मरण गर्दै आगामी दिनहरुमा समेत समझदारीको निरन्तरताले अपेक्षित उपलब्धी हासिल गर्न सकिन्छ भन्ने विश्वास लिएको छु ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ बमोजिम स्थानीय निकायको सर्वोच्च अंगको रुपमा परिभाषित गरिएको परिषदको सन्दर्भमा यस शुक्लागण्डकी नगरपालिकाको तेस्रो नगरपरिषद समक्ष आ.ब. २०७३/०७४ का लागि तर्जुमा गरिएको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा म लगायत सिंगो शुक्लागण्डकी नगरपालिका परिवारलाई गौरव महसुस भईरहेको छ ।

विगत १३ वर्ष देखि निर्वाचित जनप्रतिनिधि विहीनताको जटिल एंव विषम परिस्थितिमा पनि सर्वदलिय प्रतिनिधिसँगको समन्वयमा सिमित स्रोत साधनको अधिकतम परिचालन गरि बढदो शहरीकरणको व्यवस्थापन तथा जनतालाई आधारभुत शहरी सेवा- सुविधा उपल्ब्ध गराउने काममा कुनै किसिमको कमी कमजोरी हुन नदिन सिङगो नगरपालिका परिवार जिम्मेवार भई निरन्तर प्रयासरत रहेको कुरा यहाँहरु सवैमा अनुरोध गर्न चाहन्छु । साथै वर्तमान परिस्थितिमा समुदायमा आधारित वडा नागरीक मञ्च, टोल विकास संस्थाहरु, नागरिक समाज, नागरीक सचेतना केन्द्र, पेशागत संघ-संगठन लगायत अन्य संघसंस्थाहरुले नगरपालिका र नगरबासीहरु विच एउटा विश्वासिलो सेतुको रुपमा काम गरिरहेको छ । निर्वाचित जनप्रतिनिधीहरुको व्यवस्था हुन नसकेता पनि जनमुखी एंव जिम्मेवार राजनैतिक दलहरुको सहमति, समन्वय र सहयोगमा शुक्लागण्डकी नगरपालिका आफनो घोषित लक्ष्य प्राप्तिमा अविचलित रुपमा कार्यरत रहेको व्यहोरा निवेदन गर्न चाहन्छु । विषेशतः नीतिगत निर्णय र विकास निर्माणको सर्न्दभमा सृजित कठीन चुनौतिहरु सहजरुपमा व्यवस्थापन गर्न राजनैतिक दलहरुबाट उल्लेख्य सहयोग भएको र यहाँको राजनैतिक दलहरु विचको सहकार्य एंव समन्वय मुलुक भरका लागि उदाहरणीय भएको व्यहोरा पुन यस सम्मानित सभा समक्ष सगर्व स्मरण गर्न चाहन्छु ।

आदरणीय महानुभावहरु,

रणनीतिक हिसाबले आर्थिक तथा सामाजिक विकासका प्रचुर सम्भावनाहरु बोकेको शुक्लागण्डकी नगरपालिकालाई नेपाल सरकारले मिति २०७१ बैशाख २५ गते घोषणा गरी शहरी विकासको यात्रामा शुभारम्भ गराएको छ । यस नगर तथा आसपासका क्षेत्रहरुमा बढदै गइरहेको बसोबासले सडक, खानेपानी विद्युत, शिक्षा, स्वास्थ्य जस्ता शहरी आधारभुत सेवा सुविधाको मागमा थप दवाव पर्न गएको र यसलाई सम्बोधन गर्ने सन्दर्भमा उत्पादन मूलक उद्योग, व्यापारका साथै सेवामूलक उद्योगहरुको द्रुत विकासको लागि नीतिगत सुधार , सम्पूर्ण व्यवस्थापकीय क्षमता विकास, विकास साझेदारहरुको पहिचान र उपयोग जस्ता विषयहरुमा परम्परागत ढंगबाट मात्र नभइ दीर्घकालिन एवं रणनीतिक दृष्टिकोणबाट सोच्न र सोही अनुसार अल्पकालिन, मध्यकालिन, दीर्घकालिन योजना सहित क्रमशः अगाडि बढ्नु पर्ने बेला आइसकेको तथ्य पनि यस अवसरमा अनुरोध गर्न चाहन्छु ।

उपस्थित महानुभावहरु,

पर्यटन, कृषि र पूर्वाधार, समृद्ध शुक्लागण्डकीको मूल आधार" भन्ने दीर्घकालिन साँचका साथ शुक्लागण्डकी नगरपालिका स्थापना पछिको तेस्रो नगर परिषदमा नगर प्रमुखको हैसियतले आ.व. ०७३/०७४ को नगर विकास नीति, योजना, कार्यक्रम तथा बजेट यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

जनताले आफ्नो आवश्यकतालाई सम्वोधन गर्ने योजनाहरु आफ्नै सहभागितामा छनौट गर्न सकून भन्ने अवधारणा अनुरुप प्रत्येक वडावासीहरुको व्यापक सहभागितामा वडा स्तरिय योजना तर्जुमा गोष्ठी,एकिकृत योजना तर्जुमा गोष्ठीमा विभिन्न सरोकारवाला विच अन्तक्रिया एवं छलफल गरी नगरपालिकाको बैठकमा छलफल भई तयार पारिएको आगामी वर्ष ०७३/०७४ को वार्षिक नगर विकास योजनाको प्रस्तावित कार्यक्रम तथा बजेट विवरण सहित यहाँहरु सामु उपस्थित भएको छु ।

यस नगरपालिकामा करिव ५६७६ घरधुरी र ३८३०७ जनसंख्या भएको र यस नगरलाई पृथ्वीराजमार्ग र सेतीगण्डकी मध्य भागबाट हिडेको, पर्यटकीय नगरी तथा ठूलो बजार क्षेत्र पोखराको समीपमा रहेको, कृषि तथा उद्योगको पर्याप्त सम्भावना रहेको, धार्मिक तथा पर्यकटीय क्षेत्रहरुको उत्तिकै सम्भावना रहेको, प्राकृतिक श्रोत र साधन भएको तथा विभिन्न जातजातीहरुको सांस्कृतिक सम्पदाको बजारीकरण गर्न सकिने सम्भावना भएकोले विकासमा आशालाग्दो नगरको रुपमा रहेको छ । विगतका वर्षहरुको योजना कार्यान्वयनबाट आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकासमा केही उपलव्धीहरु भएका छन । यद्यपी लामो समयसम्म स्थानीय निकाय जनप्रतिनिधिविहिन अवस्थामा रहदा विकासलाई स्वामित्वबोध गर्न कठिन हुनु, विकासको ठूलो रकम अन्धाधुन्ध नयाँ ट्रयाक खोल्ने प्रवृत्ति, बैदेशिक रोजगारी र युवा श्रमशक्तिको अभाव भई व्यवसायिक कृषि तथा साना उद्योग ओझेलमा पर्नु, उद्यमशिलताको कमी हुनु तथा कषक हुनलाई गर्वको रुपमा ग्रहण गर्न नसक्नु, आवास तथा भूमिको बैज्ञानिक ढंगले उपयोग गर्न नसक्नु, प्राकृतिक श्रोत साधनको बैज्ञानिक उपयोग गर्न नसक्नु, शिक्षा र स्वास्थ्यमा पर्याप्त लगानी हुन नसक्नु, नैतिकता र आत्मउत्तरदायित्व कमजोर हुनु जस्ता समस्या तथा चुनौतीहरु हाम्रो सामु विद्यमान छन ।

विकास र सेवा प्रवाहलाई निश्पक्ष र पारदर्शी तवरबाट नागरिक सामु पुऱ्याई स्थानीय सुशासनको प्रत्याभूत गराउन नगरपालिकाको भूमिका महत्वपूर्ण हुन्छ । कर्मचारीबाट नै जनप्रतिनिधिहरुको भूमिका निर्वाह गर्नु परेको परिस्थितिमा नगरपालिकाले गर्ने यावत कार्यहरु राजनैतिक दल र सरोकारवालाहरुको सहभागिता, समन्वय र सहकार्यमा गरिदै आएको कुरा यहाँहरुलाई विदितै छ । यसको लागि राजनैतिक दल तथा सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक धन्यवाद दिदै आगामी दिनमा सहयोग र साथ प्राप्त भैरहने विषयमा विश्वास लिएको छु ।

नीति, योजना, कार्यक्रम तथा बजटको मार्गदर्शन

आदरणीय महानुभावहरु,

आर्थिक वर्ष २०७३/०७४ को प्रस्तावित उद्देश्य, नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई मार्गदर्शनको रुपमा लिईएको छ :

१. नेपालको संविधान, २०७२,
२. सहस्राब्दि विकास लक्ष्यहरु,
३. चालु त्रिवर्षीय योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरु,
४. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको बजेट सिलिङ र मार्गदर्शन एव मार्गदर्शनहरु,
५. स्थानीय स्वायत्त शासन ऐन र नियमले मार्गदर्शन गरेका व्यवस्थाहरु,
६. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६५,
७. सहभागीतात्मक र समावेशी योजना तर्जुमा पक्रियाद्धारा प्राथमिकता निर्धारण भई आएका योजना तथा कार्यक्रमहरु,
८. मन्त्रालयसगँ गरिएको कार्यसम्पादन सम्झौताले परिलक्षित गरेका सुचकहरु,
९. वडा नागरिक मञ्चबाट सिफारिस भैआएका कार्यक्रम तथा आयोजनाहरु,
१०. नगरपालिकाको आ.व. २०७२।०७३ को बजेटले निर्दिष्ट गरेका नीति, योजना तथा कार्यक्रमहरु,
११. स्थलगतरुपमा गरिने आयोजनाहरुको अनुगमन तथा सुपरीवेक्षणबाट प्राप्त सिकाई ।

१२. विगतका समिक्षा तथा कार्यानुभवबाट प्राप्त पृष्ठपोषणहरु ।
१३. जिविस तनहूँबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शन ।
१४. स्वायत्त शासनको माध्यमवाट विकासमा जनताको अधिकतम मात्रामा सम्मलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरुको वितरण गर्ने सवैधानिक मार्गदर्शन अनुकुलका कार्यक्रमहरु।
१५. जनसहभागिता,लागत सहभागिता,स्थानिय श्रोत साधनको परिचालन मार्फत सशक्तिकरण,मुलप्रवाहिकरण मार्फत समावेशी एवम दिगो विकासलाइ सहयोग गर्ने खालका कार्यक्रमहरु ।
१६. सस्थागत सुशासन, उत्तरदायित्व एवम जवाफदेहिता सुनिश्चित गर्न सामाजिक परीक्षण,सार्वजनिक परिक्षण,सार्वजनिक सुनुवाई,नागरिक सर्वेक्षण,आवधिक समिक्षा आदिलाई प्राथमिकता दिनुपर्ने सरकारी मार्गदर्शन एवं त्यस्ता कार्यक्रमहरु बाट प्राप्त पृष्ठपोषण ।

आदरणीय प्रमुख अतिथिज्यू तथा उपस्थित महानुभावहरु,

अव म आगामी आगामी आ.व. २०७३/०७४ को दीर्घकालिन सोच, उद्देश्य, नीति तथा कार्यक्रम वारेमा संक्षिप्तमा उल्लेख गर्न चाहन्छु ।

क) उद्देश्यः

१) विकासका पूर्वाधारहरुको विस्तार र पहुँच वस्तीस्तरसम्म वृद्धि गरी विकासका अवसरहरुलाई पर्याप्त उपयोग गर्ने अवस्थाको सुनिश्चितता गर्ने ।
२) समावेशी र समन्यायिक विकासको अवधारणा मार्फत विभिन्न वर्ग, क्षेत्र, लिंग, सम्प्रदाय, जात-जातीको श्रोत साधनमा पहुँच अभिवृद्धि गर्ने ।
३) उत्पादनमूलक क्षेत्रमा व्यवसायिकता र उद्यमशीलताको विकास एवं सामाजिक परिचालन मार्फत गरिवी न्यूनिकरणमा विशेष जोड दिने ।
४) विकासको दृष्टिले पछाडि परेका वडाहरुमा प्राथमिकताका साथ विकास कार्यक्रमहरु पुऱ्याई जनताको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहयोग पुऱ्याउने ।
५) सुरक्षित खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धी चेतनाको स्तरोन्नती गरी दीर्घकालन लक्ष्य प्राप्तीमा टेवा पुऱ्याउने ।
६) विकास कार्यक्रम तथा आयोजनाहरु संचालन गर्दा सरोकारवालाहरु विच समन्वय गर्दै जनसहभागीता, पारदर्शीता र उत्तरदायित्व बढाई सुशासनको प्रत्याभुति दिने ।
७) समृद्ध र श्रोत सम्पन्न नगरको रुपमा विकास गर्ने ।

ख) दीर्घकालिन नीति

१. एकीकृत र दीर्घकालिन विकासको लागि आवधिक पञ्चवर्षिय योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
२. नगरको भूउपयोग र आवास नीति तर्जुमा गरी समुन्नत शहरको रुपमा विकास गर्ने ।
३. आधारभूत र आधुनिक सेवा सुविधा सरल र सहजरुपमा नागरिकहरुमाझ उपलव्ध गराई नागरिकहरुको विश्वास प्राप्त निकायको रुपमा स्थापित गर्ने ।
४. नगरपालिकाको राजश्व क्षमता सुदृढ गरी सक्षम संस्थाको रुपमा विकास गर्ने ।
५. कृषिलाई व्यवसायिकीकरण गरी रोजगारी मार्फत गरिवी न्यूनीकरणमा टेवा पुरयाउने ।
६. औद्योगिक पूर्वाधार विकास मार्फत औद्यागिक क्षेत्रको रुपमा विकास गर्ने ।
७. धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाको विकास गरी पर्यटकीय नगरीको रुपमा विकास गर्ने ।
८. लैंगिक समानता र सामाजिक समावेशीको माध्यमबाट सामाजिक न्याय स्थापित गर्ने ।
९. सार्वजनिक सम्पत्तिको संरक्षण र प्रवर्द्धन गर्ने ।
१०. सार्वजनिक पारदर्शिता, उत्तरदायित्व र अनुशासन कायम गराई नगरवासीहरुलाई सुशासनको अनुभूति दिई राष्ट्रियस्तरमा पहिचान कायम गर्ने ।
११. शिक्षा, स्वास्थ्य, भाषा, साहित्य र खेलकुदको विकस गर्ने ।
१२. सूचना प्रविधिको विकास र विस्तार गरी सेवा प्रवाहलाई छरितो तुल्याउने ।
१३. सरसफाई र वातावरण संरक्षणमा अग्रणी नगरपालिकाको रुपमा स्थापित गर्ने ।
१४. क्षेत्रफल र सम्भावनाको हिसावले भविष्यमा उपमहानगरपालिकाको सम्भावना रहेकोले सो अनुरुप भौतिक तथा आर्थिक सामाजिक पूर्वाधार विकास गर्ने ।

ग) आर्थिक वर्ष २०७३।०७४ मा नगरमा संचालन हुने प्रमुख नीति तथा कार्यक्रमहरु निम्नानुसार हुनेछनः

१) भौतिक पूर्वाधार तथा संरचना विकास

- सडकहरुको न्यूनतम मापदण्ड निर्धारण गरिएको छ ।उक्त मापदण्डलाई अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ ।
- मापदण्ड अनुरुप सडकको दायाँ बायाँ लगत कट्टि गर्दै जाने योजना अनुरुप दुलेगौंडा हर्कपुर, कृति रजस्थल, जनसेवा मोटरमार्ग र पाटन ढोरवाराही मोटरमार्गको लगत कट्टा गरिनेछ ।
- प्रत्येक वर्ष एक नमूना मोटरमार्ग निर्माण गर्ने योजना अनुरुप दुलेगौंडा हर्कपुर मोटर मार्गलाई नमूना मोटरमार्गको रुपमा घोषणा गरी कालोपत्रे, सडक दायाँ वायाँ वृक्षारोपण, नाली व्यवस्थापनको लागि उपभोक्ताबाटै हेरालु पद्धती लागु गरिनेछ ।
- उपभोक्ता समिति मार्फत पूर्वाधार संरचनाको निर्माण गर्दा लागत साझेदारीलाई अनिवार्य गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- पूर्वाधार संरचनाको निर्माण गर्दा भू-क्षय र वन विनास जस्ता वातावरणीय पक्षलाई उचित ध्यान पुऱ्याई प्राकृतिक संरचनामा खलल हुन नदिने व्यवस्था गरिनेछ । नवनिर्मित सडकका दायाँ-बायाँ हरियाली अभिवृद्धि गरिनेछ ।
- ठूला खानेपानीका मुहानहरुको खोजी गरी पूर्व सम्भाव्यता अध्ययन गरिनेछ ।
- पुराना खानेपानीका मुहानहरु सुक्दै जान थालेकोले भू-धरातलमा चिस्यान प्रवर्धन गरी मुहानमा पानीको श्रोत बढाउन मुल माथी पोखरी निर्माण गरी वर्षातको पानी संकलन गरिनेछ । साथै पोखरी वरीपरी चिस्यान प्रवर्धन गर्न वृक्षारोपण गर्ने कार्यलाई क्रमिक रुपमा अगाडी बढाइनछ ।
- सडकहरुलाई क्रमशः कालोपत्रे गर्दै लगिने छ । सडक स्तरोन्नती गर्दा नाली निर्माणलाई पहिलो प्राथमिकता दिईने छ ।
- नयाँ भवन तथा घरहरु निर्माण गर्दा भवन निर्माण सहिताको पालना र नक्सा पासलाई अनिवार्य गरिएको छ ।
- खानेपानीको श्रोतको खोजी तथा व्यवस्थापन गर्ने कार्यको लागि थप अध्ययन कार्य अगाडी बढाइनेछ ।
- विद्यालयको भौतिक संरचनाको विकास तथा मर्मत सम्भार गरिनेछ ।
- सवै वडाहरुमा सरसफाईका कार्यक्रमहरु संचालन गरिने छ । सरसफाइका गतिविधहरुलाई अनिवार्य पालना गर्न **विद्यालय मार्फत विद्यार्थी, विद्यार्थी मार्फत अभिभावक**" साथै समुदायको अगुवाईमा सरसफाई कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।
- सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएका सिँचाई आयोजनाहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ र नयाँ योजनाहरुको थप सम्भाव्यता अध्ययन कार्यलाई निरन्तरता दिइनेछ ।
- प्रकोप व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद उत्थानशील शुक्लागण्डकी तय गरी कार्यान्वयन गरिनेछ ।
- सेती नदीको दुवैतर्फ तटवन्ध गर्न नेपाल सरकारलाई अनुरोध गरिनेछ ।
- नगरपालिकाको वडा नं ३ र १३ पुल्चोकस्थित सेती नदी भासिई वस्ती समेत विस्तापित भएको अवस्थामा सो को उचित व्यवस्थापनलाई नेपाल सरकारलाई अनुरोध गरिनेछ ।
- वैकलपिक उर्जा प्रर्वधन गर्नका लागि नगरपालिका भित्र नक्सापास लागू भएका क्षेत्रमा भवन निमार्ण गर्दा प्रत्येक घर घरमा सोलार जडान कार्यलाई अनिर्वाय गरिने छ ।
- **"हाम्रो शहर,उज्यालो नगर"** को अवधारणा बमोजिम सौर्य वत्तिको दीर्घकालिन व्यवस्थापन गर्न हाईवे क्षेत्रमा सडक वत्ति जडान कार्यका लागि विशेष व्यवस्था गरिने छ ।

२) कृषि, जनसख्या तथा सामाजिक विकास

- सवैका लागि शिक्षा कार्यक्रम अन्तर्गत शिक्षामा पहुँच बढाई गुणस्तर सुधार्न पूर्वाधार निर्माण, छात्रवृत्ति वितरण, पुस्तकालय निर्माण तथा उत्कृष्ठ प्रतिभालाई प्रोत्साहन बढाउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- राष्ट्रियता, उद्यमशिलता र नैतिकता विषयक स्थानीय पाठयक्रम तर्जुमा गरिनेछ ।
- बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि आवधिक बालमैत्री योजनालाई प्रभावकारीताका साथ कार्यान्वयन गरिने छ ।
- विद्यालयको भौतिक सुविधामा सुधार गर्दै गुणस्तरीय शिक्षालाई जोड दिइनेछ ।
- पर्यटकीय स्थल भुजीकोटको टावर निर्माण निजी क्षेत्र समेतको सहकार्यमा निर्माण सम्पन्न गरी दगाम र भुजीकोट समेतलाई समेटी एकीकृत पर्यटन विकासका कार्यक्रमहरु Organic Tourism Village, Homestay, हिमाल

तथा प्रकृतिको दृश्यावलोकन र संस्कृतिको प्रवर्द्धन गर्दै आन्तरिक तथा वाह्य पर्यटक भित्र्याई एक पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गरिनेछ । यसको पहुँचको लागि सडकहरुको स्तरोन्नत्ती गरिनेछ ।

- ढोरवाराही मन्दिर क्षेत्रलाई गुरुयोजना बमोजिम विकास गरी तीर्थालु पर्यटकहरुबाट यस क्षेत्रको कृषि तथा गैरकृषि उत्पादन तथा व्यापार प्रवर्द्धन पर्याप्त रुपमा गर्ने अवस्था सजना गरिनेछ ।
- सेतीनदी रक गार्डेन र तीनखोले देवी क्षेत्रको विकास गरी वनभोज स्थल तथा पर्यटकीय गतिविधि बढाउने अवस्था सृजना गरिनेछ ।
- **स्वदेशमै उत्पादन बढाउँ, आफनै जन्मथलोमा रमाउँ"** भन्ने मान्यता अनुसार युवा जनशक्तिलाई व्यवसायिक कृषिमा आकर्षण गर्न पर्याप्त कार्यक्रमहरु संचालन गरिनेछ ।
- मुख्य बजारहरुमा समेत करेसावारी सुधार गरी अर्गानिक तरकारी तथा फलफुल उत्पादनमा जोड दिईनेछ ।
- दलितहरुको परम्परागत पेशा आधुनिकीकरण गरी व्यवसायिक प्रवर्द्धन गरिनेछ ।
- उत्पादन र आयआर्जन बढाउन सक्ने सफल र विश्वास प्राप्त सहकारीहरु संग सहकार्य गरिनेछ ।
- भौगोलिक सम्भाव्यता र निर्मित पूर्वाधारलाई मध्यनजर गरी तुलनात्मक लाभका बाली उत्पादनमा जोड दिइनेछ ।
- आधुनिक पद्धतिबाट व्यवसायिक तरकारी तथा फलफूल खेती र पशुपालनमा युवा कृषकहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
- कृषि विकासको मूल प्रवाहमा महिला, दलित तथा विपन्न वर्गको पहुँच बढाईनेछ ।
- जिल्लाको प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक क्षेत्रको पहिचान, विकास र विस्तार गरी पर्यटन प्रवर्द्धन गर्दै आर्थिक विकास गर्न जोड दिइनेछ । परम्परागत लोकसंस्कृतिको संरक्षण र सम्बर्द्धन गर्न जोड दिईनेछ ।
- नगरस्तरीय पर्यटन गुरुयोजना तयार गरी पर्यटकीय नगरी बनाउने आधार तयार गरिनेछ ।
- महिलाहरुका लागि लगु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सवल बनाईने छ ।आर्थिक सामाजिक शैक्षिक तथा सांस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा महिलाहरुको समान सहभागिता गराउन प्रोत्साहन गरिने छ ।
- नगरपालिका भित्र रहेका ऐलानी, पर्ती र सार्वजनिक जग्गाको नक्साङ्कन र सिमाङकन गरी संरक्षण र प्रवर्धन गरिनेछ ।
- विपन्न वर्ग र समुदायका महिलाहरुको आर्थिक श्रोत साधनमा पहुँच बढाउन आय आर्जन र महिला सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।
- युवाहरुलाई राष्ट्र निर्माणमा सरिक गराउन रोजगारमूलक तथा उद्यमशिल तालिम दिईनेछ ।
- अपाङ्गताको प्रकृति अनुरुप आय आर्जनको लागि तालिम तथा सुविधाजनक सामाग्री वितरण गरिनेछ ।
- मुस्लीम तथा पिछडावर्गको क्षमता विकासमा जोड दिइनेछ ।
- स्वास्थ्य कार्यक्रममा सहकार्य गर्दै स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गरिनेछ ।
- नगरपालिकाको भौतिक एवं सामाजिक सेवालाई अपागमैत्री बनाउदै अपांगहरुको सामाजिकिकरण,क्षमता बृद्धि,स्वरोजगार एंव पुर्नस्थापनाका लागि आवश्यक सहयोग गरिने छ ।

३) संस्थागत विकास तथा सुशासन

- परिमार्जित बडापत्र लागु गरी सेवाग्राहीहरुलाई सम्मानका साथ मुस्कान सहितको सेवा (Treat with smile) प्रदान गरिनेछ ।
- नगरपालिका कार्यालयको संगठन विकास (OD) तयार गरी उपयुक्त संरचना तय गरिनेछ ।
- नगरपालिकाको सेवालाई नागरिक सामु पुऱ्याउन आधारभूत सेवाहरु संयुक्त वडा कार्यालय मार्फत संचालन गरिनेछ ।
- सानातिना झैंझगडा र विवाद मिलाउन, सामाजिक विकृती नियन्त्रण गर्न, सामाजिक अनुशासन कायम राख्न, उद्यमशिलता पवर्द्धन गरी सीप विकास गर्न र व्यवसाय प्रवर्द्धन गर्न टोल विकास संस्थालाई अधिकार सम्पन्न हुने गरी टोल विकास निर्देशिका तय गरिनेछ । टोल विकासमा उत्कृष्ठ टेवा पुऱ्याउने संस्थाहरुलाई पुरस्कृत र सम्मान गरिनेछ ।
- नगरपालिकाको सूचना तथा अभिलेखको वेभसाईट तयार गरी योजना कार्यान्वयन र दैनिक प्रशासनलाई छरितो तुल्याईने छ ।

- प्रत्येक वडा सेवा कार्यालयमा कम्तिमा वर्षको १ पटक सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिकाद्धारा संचालन भएका आयोजनाहरुमा पारदर्शिता ल्याउन सम्झौतापूर्वको अनुगमन समिति गठन गर्ने र आयोजनाहरु सम्पन्न भए पश्चात सार्वजनिक परीक्षण गर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ । यसको लागि उपभोक्ता समितिका सदस्यहरुलाई समिति गठन, योजना सम्झौता, कार्यान्वयन, लेखा, सार्वजनिक परीक्षण सम्बन्धी विषयमा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- गैर सरकारी संस्थाका कार्यक्रमहरुलाई नगरपालिकाको छाताभित्र ल्याई एकद्वार प्रणाली मार्फत कार्यान्वयन गरिनेछ ।
- निजी र गैरसरकारी क्षेत्रलाई साझेदारको रुपमा लिई सार्वजनिक-निजी-साझेदारी (PPP) विकासमा सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
- मझौला तथा ठूलो उद्योगहरु स्थापनाको सम्भावना र क्षेत्र एकीन गरी नेपाल सरकारलाई सिफारिस गरिनेछ ।
- कार्यपद्धतीलाई व्यवस्थित र खर्च प्रणालीलाई पारदर्शी बनाई समग्र कार्यसम्पादन स्तरमा सुधार गर्दै सुशासनको प्रत्याभूती गरिनेछ ।
- नगरपालिका कार्यालयबाट सम्पादन हुने कामको निरन्तर अनुगमन गरी सेवा प्रवाहमा गुणस्तरीयता एवं प्रभावकारिता प्रर्वद्धन गर्न नगर सुपरीवेक्षण तथा अनुगमन समितिको कार्यलाई शसक्त औजारको रुपमा प्रयोग गरिनेछ ।
- नागरिकहरुको गुनासो गुनासो सुन्ने अधिकारी मार्फत तत्कालै सम्बोधन गर्ने व्यवस्था गरिनेछ ।
- नगरपालिकामा कार्यरत कर्मचारीहरुको व्यवसायिक क्षमता अभिवृद्धि गर्न सम्पूर्ण शाखा तथा कर्मचारीहरुको कार्य विवरण बमोजिमको कार्यसम्पादन गर्न सक्षम बनाउन तालिम, अभिमुखीकरण जस्ता कार्यक्रमहरुको सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षा वितरणलाई बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्न आवश्यक पूर्वाधार तय गरिनेछ ।
- खरिद प्रणालीलाई योजनावद्ध रुपमा संचालन गरी श्रोत साधनको उच्चतम उपयोग गरिनेछ ।
- नगरपालिकाको सेवा प्रवाहलाई सहज सरल र सुलभ बनाईने छ ।
- उपभोक्ता बजारमा स्वस्थ प्रतिस्पर्धा हुने वातावरण बनाउन सुरक्षा निकाय, नागरिक समाज, उद्योग बाणिज्य संघ र प्रेस संग सहकार्य गरिनेछ ।
- न्यूनतम शर्त तथा कार्यसम्पादन मापन निर्देशिकालाई कार्यान्वयन गरिनेछ ।
- सेवाग्राहो लाई सेवा प्रवाहमा सहज बनाउन टोल फ्रि नम्वरको व्यवस्था गरिने नीति अवलम्वन गरिने छ ।
- कर्मचारीको कार्य सम्पादनको मूल्याङकन का आधारमा पदस्थापन,बढुवा,तालिम,वृति विकास ,पुरस्कार र सजाँयको साथै उत्कृष्ट कार्य गर्ने गरी नगरपालिकालाई प्रर्वद्दन गर्ने कर्मचारी,करदाता,उपभोक्ता समिति,पत्रकार टोल विकास संस्थाहरुलाई पुरस्कृत गर्ने पद्धतिलाई अवलम्वन गर्दै लगिने छ ।

४) सरसफाई र वातावरण सन्तुलन

- नगरक्षेत्र सडक संजालहरु मध्ये प्रत्येक वर्ष एउटा सडकलाई कालोपत्र स्तरीकरण, नाली निर्माण, वृक्षारोपण र पैदलयात्रु पथ सहित नमूना सडक आयोजना कार्यान्वयन गरिनेछ ।
- खानेपानीका मुहानहरु संरक्षण गर्न, घर आगन देखि सडकसम्म सफासुघर राख्न टोल विकास संस्थाहरुको भूमिकालाई प्रभावकारी तुल्याईनेछ ।
- नगरको फोहोर व्यवस्थापन समग्र नगरपालिकाको चिन्ता र चासोको विषय भएको हुदाँ आगामी १० बर्ष भित्रमा नगरलाई सफा शहर घोषणा गर्ने उद्देश्यका साथ यस नगरपालिका क्षेत्रमा ल्याण्डफिल्ड साइड को संभाव्यता अध्ययन गरिनेछ ।
- खानेपानीका मुहानमा पानी पोख्रीने जातका बोटविरुवाहरुको वृक्षारोपण गरिनेछ ।
- मुख्य बजारको सरसफाईको लागि तोकीएको शुल्कमा रकम उठाउन पाउने गरी निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।
- सार्वजनिक निजी साझेदारी मार्फत सरसफाई तथा वातावरण सुधारका कार्यक्रमहरु संचालन गरिनेछ ।
- जलवायु परिवर्तनका असर न्यूनिकरण तथा अनुकूलनका कार्यक्रमहरु संचालन गरिने छ ।
- नगरपालिका भित्रका छाडा गाईवस्तुहरु नियन्त्रण गर्न उचित प्रवन्ध मिलाईनेछ ।

- फोहरका अधिंकाश वस्तुहरु प्लाष्टीकसगँ सम्वन्धित हुने हुदाँ आगामी वर्ष देखि यस नगरपालिकालाई प्लाष्टिक झोला निषेधित नियमनका लागि एक कार्यविधि निमार्ण गरी लागू गर्ने नीति लिइने छ । फोहरमैला व्यवस्थापनका लागि 3R(Reuse,Reduce,Recycle)को अवधारणा अवलम्वन गरिने छ ।

५) कर परिचालन नीतिहरु

- प्रकृया सरल गरी सूचना प्रविधिको माध्यमबाट स्वेच्छिक कर सहभागिता अभिवृद्धि गरिनेछ ।
- समयमा कर तिर्ने उत्कृष्ठ करदातालाई सम्मान गरिनेछ ।
  - वार्षिक बीसहजार वा सो भन्दा बढि कर तिर्ने करदाताहरुलाई सहज रुपमा कर तिर्ने व्यवस्था मिलाईने छ।यस कार्य का लागि दीर्घकालमा ठूला करदाता शाखा स्थापना गरिने छ ।
  - आगामी आर्थिक बर्ष देखि असोज मसान्तसम्म एकिकृत सम्पति कर बुझाउने करदाताहरुलाई १० प्रतिशत छुट दिईनेछ ।
  - आगामी आर्थिक बर्षको कार्त्तिक १ गते देखि पौष मसान्त मसान्तसम्म एकिकृत सम्पति कर बुझाउने करदाताहरुलाई ५ प्रतिशत छुट दिईनेछ ।

६) अन्य नीतिहरु

- भूउपयोग याजना निमार्ण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।
- नगरपालिकाले शहरी विकास मन्त्रालयसगँ समन्वय गरी व्यवस्थित बसोबासका लागि Land Pooling कार्यक्रम संचालन गरिने छ।
- आगामी २ वर्ष भित्र वातावरणमैत्री स्थानिय शासनयूक्त नगर घोषणा गरिने छ।
- राष्ट्रिय भवन संहिता २०६० र भवन निमार्ण सम्वन्धि मापदण्ड २०७१ लाई पूर्ण रुपमा कार्यन्वयन गर्ने साथै चालु आ.व देखि नगरक्षेत्र भित्र बनेका सबै नयाँ भवनहरु भवन संहिता बमोजिम निमार्ण गरिने छ ।
- नगरपालिकाले पूराना घरहरुलाई भूकम्पबाट जोगाउन Retrofiting योजना संचालन गरिनेछ ।
- भूकम्प वा विपद वा अन्य प्रयोजनका लागि नगरपालिकाले निश्चत क्षेत्रलाई खुला क्षेत्रमा समावेश गर्न संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय मार्फत गृह मन्त्रालयमा अनुरोध गर्ने,
- रु ६० लाख भन्दा माथिको सवै प्रकारको ठेक्कामा ई-सवमिसन लागू गरिने छ,
- २ वर्ष भित्र नगरक्षत्रको नगर यातायात गुरुयोजना तयार गरिने छ ,
- E Building Permission कार्यको थालनी भएको हुनेछ,
- वितरण गरिने छ र पूर्ण अशक्त/असाहय वृद्ध वृद्धाहरुलाई घर मै गएर भत्ता वितरण गरिने छ,
- नगरपालिकालाई भ्रष्टाचारमा शुन्य सहनशिल नगरपालिकाको रुपमा घोषणा गरिने छ,
- नगरपालिकाको सक्रियतामा वडाहरुमा शहरी स्वास्थ्य क्लिनिक संचालन गरिने छ ,
- नगरपालिकाले पर्यटन मन्त्रालय सगँ समन्वाय गरी नगरको कम्तिमा एक वस्तिमा Homestay कार्यक्रम संचालन भएको हुनेछ ,
- नगरपालिकाले हरेक वर्ष आफनो क्षेत्रमा रहेको सम्पूर्ण सार्वजनिक जमिन तथा सम्पतिको लगत तयार गरी सोको जानकारी मन्त्रालयमा पठाउने,
- नगरपालिकाबाट सहयोग पाउने सामुदायिक विदयालयहरुमा पानी सहितको छात्र/छात्रा का लागि अलग-अलग शौचालय निर्माणमा जोड दिईनेछ ,
- नगरक्षेत्रमा घर निमार्णमा संलग्न डकर्मी मिस्त्री आदिलाई तालिम प्रदान गरी भवन संहिता सम्बन्धि तालिम प्राप्त जनशक्तिबाट भवन बनाउने व्यवस्था गरिने छ,

- नगरपालिकाले कम्तिमा २५ जना व्यक्तिलाई Cost Effective Housing निर्माण सम्बन्धि १० दिने तालिम प्रदान गरी Certified गरेको डकर्मीहरुबाट यस्ता प्रकारका घरहरु निर्माणका लागि प्रोत्साहन गरिनेछ,
- नगरक्षेत्रमा निकृष्ठ प्रकारको बालश्रममा कमी ल्याई बालमैत्री स्थानिय शासन राष्ट्रिय रणनीति २०६८ तथा कार्यन्वयन कार्यविधि २०६८ ले निर्धारण गरे अनुरुप नगरपालिकालाई बालमैत्री नगर बनाउन बालमैत्री स्थानिय शासनयूक्त नगर बनाउने रणनीति कार्यन्वयन गरिने छ,
- नगरपालिकाले फोहरमैला व्यवस्थापन गर्न वर्षको कुनै महिनाको कुनै हप्तालाई सरसफाई सप्ताह घोषण गरेको,
- नगरक्षेत्रमा ३ वर्ष भित्र TownHall / view tower निमार्ण गरिने कार्यको थालनी गरिने छ ,
- ईतिहासविद र पुरातत्वविदको सहायतामा आफ्नो क्षेत्रमा रहेको एतिहासिक स्थलको पहिचान गरी सो स्थानमा ढुंगामा विवरण राखी सो स्थलमा पर्यटक प्रर्वद्दन गरिने छ ,
- City civil code निर्माण गरी कार्यान्वयनमा आएको,
- नगरक्षेत्रभित्र एक वस्तु एक नगर कार्यक्रम संचालनमा ल्याई स्थानिय आर्थिक विकास भएको,
- नगरपालिकालाई Center of Excellence बनाउन कम्तिमा आगामि ५ वर्ष भित्र क्ष्क्इ १४०० प्राप्त गर्न कार्ययोजना निमार्ण भई कार्यन्वयनमा आएको,
- नगरक्षेत्रमा सडकहरु विस्तार हुनुको साथै मेट्रिक सिस्टम कार्यान्वयनमा आएको हुनेछ ।

आदरणीय महानुभावहरु,

सीमित श्रोत साधनले असीमित माग र बढदो आकाक्षां एकै पटक सम्बोधन गर्न नसकिने यर्थाथतामा नगरपालिका लाई नेपाल सरकार दातृनिकाय, विभिन्न सघं सस्थाबाट प्राप्त हुने शर्शत तथा निशर्त अनुदान,ऋण तथा आन्तरिक आय एवं लागत सहभागिताको दायरालाई समेत मूल्याङकल गरी बजेट तर्जुमा गरिएको छ ।

अव म आर्थिक वर्ष २०७३।०७४ का लागि वार्षिक नगर विकास योजना तर्जुमा गर्ने क्रममा अख्तियार गरिएका उद्देश्य तथा नीतिको आधारमा तयार गरिएका योजना तथा कार्यक्रमहरुको प्रस्तावित कार्यक्रमको अनुमानित आय व्यय प्रस्तुत गर्न चाहन्छु ।

क) आय अनुमानः

आ.व. २०७३।०७४ का लागि कूल १२ करोड १ लाख ५५ हजारको आय अनुमान गरिएको छ । जसमध्ये आन्तरिक श्रोतबाट रु. २ करोड १० लाख रहेको छ, जुन रकम कूल बजेटको १७.४७% हुन आउछ । वाह्य अनुदान तर्फ नेपाल सरकारको नगरपालिका अनुदान पुजिगत ४ करोड ८ लाख ४६ हजार र चालु ५४ लाख ८५ हजार, स्थानीय विकास शुल्क ५६ लाख र उपभोक्ता समिति लागत सहभागिता ५६ लाख, सामाजिक सुरक्षा कार्यक्रमको रु. २ करोड ५० लाख र अन्य ४६ लाख ६० हजार हुने अनुमान गरिएको छ ।

ख) व्यय अनुमान

आ.व. २०७३।०७४ को लागि कूल रु. १२ करोड १ लाख ५५ हजार व्यय अनुमान प्रक्षेपण गरिएको छ । जसमध्ये प्रशासन खर्च मध्ये कार्यालय सञ्चालन तर्फ रु. १ करोड ५४ लाख ८५ हजार र सामाजिक सुरक्षा तर्फ २ करोड ५० लाख गरि जम्मा ४ करोड ४४ लाख ८५ हजार रहेको छ, जुन कूल बजेटको ३७.०१% हुन आउछ । त्यसै गरी विकास तर्फ ७ करोड ५७ लाख ६ हजार विनियोजन गरिएको छ, जुन रकम कूल बजेटको ६२.५५% हुन आउछ ।

यसै गरी गत आर्थिक वर्ष २०७१/०७२ मा कुल आम्दानी प्रक्षेपण रु.११करोड ३१ लाख ८१ हजार ५ सय गरिएकोमा कुल जम्मा रु.८ करोड ५५ लाख ३१ हजार ६६ रुपैया र पैसा ५३ मात्र आम्दानी भएकोमा कुल खर्च रु. ७ करोड ४४लाख २ हजार ५२० रुपैया भई रु.१ करोड १५ लाख २८ हजार १४६ रुपैया र पैसा ५३ मात्र बैकं मौज्दात रहेको जानकारी गराउछु ।

अब म आर्थिक बर्ष २०७३/७४ का लागि स्थानीय स्रोत परिचालन कार्यवीधि २०६९ को पुर्ण पालना गर्दै लक्षित बर्गका लागि फाईदा पुग्ने गरी माग र आवश्यकताका आधारमा कार्यक्रमको प्राथिमिकिकरण गर्दै प्रस्ताव गरिएको कार्यक्रमहरुको पुजिगत खर्चतर्फको सक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

लक्षित विकास कार्यक्रम तर्फः १ करोड ३ लाख ९६ हजार ४ सय मात्र विनियोजन गरिएको छ । जसअनुसार

क) सबै जातजाति विपन्न बर्गका महिलाहरुलाई फाईदा पुग्ने कार्यक्रम/आयोजनाका लागि रु २९,७०,४००।- (१० प्रतिशत)

ख) सबै जातजाति विपन्न बर्गका बालवालिकाहरुलाई फाईदा पुग्ने कार्यक्रम/आयोजनाका लागि रु २९,७०,४००।- (१० प्रतिशत)

ग) सबै जातजाति आर्थिक रुपमा विपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका बर्ग एवं समुदायलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम/आयोजनाका लागि रु ४४,५५,६००।- (१५ प्रतिशत)

घ) आर्थिक सामाजिक एवं भौतिक पुर्वाधार विकास तर्फका लागि रु १,१५,८४,५६०।- विनियोजन गरिएको छ ।

ङ) प्रबर्द्धनात्मक क्षेत्र तर्फ रु ७७,२३,०४०।- विनियोजन गरिएको छ ।

प्रमुख अतिथि एवं उपस्थित महानुभावहरु,

माथि उल्लेखित विनियोजित पुँजीगत बजेटको बिभिन्न शिर्षक तर्फ निम्नानुसार बाँडफाँड गरिएको छ ।

१) सडक तर्फ रु.९९,९७,०४०।-

२) खानेपानी रु.४२,८०,०००।-

३) कृर्षि/सिचाईः रु.६,७०,०००।-

४) पर्यटन तथा खेलुकदःरु.११,७९,७६०।-

५) वातावरण/सरसफाईः रु. २२,००,०००।-

६) आर्थिक सिप विकासः रु.२१,५६,१२०।-

७) भवन/संस्थागत विकासः रु.४०,९५,०००।-

८) समाजिक क्षमता विकासः रु.४४,३३,०४०।-

९) भु संरक्षण तटवन्धनः रु.१,७०,०००।-

१०) स्वास्थ्यःरु.८,२५,०००।-

११) प्रबर्द्धनात्मक क्षेत्रः रु.३०,३८,०४०।-

१२) पुल पुलेसाः रु.६०,०००।-

जम्माःरु.३,३१,०४,०००।-

१३) सडक बोर्डः रु. १५,००,०००।-

१४) स्थानिय शासन तथा विकास कार्यक्रमः रु.३१,६०,०००।-

१५) भवन निर्माणः रु.१,००,००,०००।-

१६) समपुरक कोषः रु. ५०,००,०००।-

१७) कन्टेनजेन्सीः रु.१४,००,०००।-

१८) मर्मत सम्भार कोषः रु.२३,४२,०००।-

१९)स्थानिय विकास शुल्क कोष पुर्जीगतः रु ९६,००,०००/-

२०) जनसहभागिताः रु.९६,००,०००/-

पुर्जीगत जम्माः रु.७,५७,०६,०००।-

२१) चालु खर्च रु.४,४४,८९,०००।-

चालु जम्मा रु.४,४४,८९,०००।-

कुल जम्माः रु.१२,०१,९५,०००।-

आदरणीय प्रमुख अतिथिज्यू तथा उपस्थित महानुभावहरु,

उपरोक्त नीति, कार्यक्रम तथा बजेट माथि यस परिषदमा उपस्थित हुनु भएका प्रमुख अतिथीज्यू लगायत अतिथीज्यूहरुबाट प्रभावकारी कार्यान्वयनका लागि सल्लाह र सुझावको अपेक्षा गरेको छु । नगरपालिकाको श्रोत क्षमता भित्रका आयोजनाहरुलाई गत बर्षको नगरपरिषद, वडा भेला, वडा नागरिक मञ्चको सिफारिस, एकीकृत योजना तर्जुमा समितिमा व्यापक छलफल गरी सन्तुलित र दीगो बनाउने प्रयास गरिएको छ । नगरपालिकाको उपलव्ध श्रोत र साधनले धान्न नसकेका योजनाहरुलाई जिल्ला र केन्द्रीय निकायमा अनुरोध गर्ने निर्णय गरिएको छ । नगरको समष्टिगत विकासको लागि सहयोग पुऱ्याउनु हुने राष्ट्रिय योजना आयोग, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, नेपाल सरकारका अन्य मन्त्रालय, विभाग र निर्देशनालय लगायत विकासका साझेदार संस्थाहरु संग नगरपालिकाको प्राथमिकताका आधारमा आवश्यक बजेट विनियोजन गरिदिनु हुन हार्दिक आग्रह गर्दछु ।

कुनै एक क्षेत्रको विकासले मात्रै समग्र नगरको सन्तुलित विकास हुन नसक्ने वस्तुगत तथ्यलाई मनन गर्दै, योजना तथा कार्यक्रम तय गर्दा सवै क्षेत्रलाई समेटने प्रयास गरिएको छ । यसवाट सवै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएका छौं भने अर्को तर्फ सिमित श्रोत र साधनलाई परिचालन गर्नुपर्दा श्रोत छिरोलिन गएको भन्ने आलोचनावाट मुक्त हुन पनि आगामी दिनमा थप श्रोत पहिचान र परिचालनलाई ध्यान पुरयाउनु जरुरी देखिएको छ । योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होइन, यसको लक्ष्य एवं उद्देश्यहरु प्राप्तीका लागि प्रभावकारी कार्यान्वयन, अनुगमन एवं मुल्यांकन जरुरी हुन्छ । यसका साथै आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यहरु समेत आवश्यक पर्न जान्छन । यसको लागि आवश्यकतानुसार सरकारी, गैर सरकारी, नागरिक समाज, संचारकर्मी, उपभोक्ता समेतको संयुक्त सहभागितामा, सम्पादित कामको गुणस्तरको सुनिश्चितता, पारदर्शीता एवं उत्तरदायीत्व वहनमा थप टेवा पुग्ने विश्वास लिएका छौं ।

बजेट नीति तथा योजना तर्जुमाका शिलशिलामा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने नगरस्तरीय राजनैतिक दलका प्रतिनिधिज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, मूल्याङ्कन समितिका सदस्यज्यूहरु, एकीकृत योजना तर्जुमा समितिका सदस्यज्यूहरु, वडा नागरिक मञ्चका सदस्यज्यूहरु, साझेदार संस्थाहरु, गैससहरु, पत्रकारहरु, सामुदायिक तथा निजी क्षेत्र, सम्पूर्ण संघसंस्था लगायत योजना तर्जुमामा अहोरात्र खटने नगरपालिकाका कर्मचारीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु ।

हाम्रो आमन्त्रणलाई स्वीकार गरी आफनो कार्यव्यस्तताका वावजुद उपस्थित भई नगर परिषदको गरिमा बढाई दिनु हुने प्रमुख अतिथीज्यू, विशिष्ट अतिथीज्यू लगायत अतिथीज्यूहरुमा विशेष आभार प्रकट गर्दछु । आमा समुह, युवा समुह र टोलसुधार समिति प्रति आफनो विकासमा आफै जुटनको लागि उच्च भरोसा गरिएको छ । भर्खरै मात्र स्थापना भएको कार्यालयले सवै विषयको समाधान एकैपटक गन सक्दैन, श्रोत साधन र जनशक्तिको सिमिततालाई ध्यान दिदै रचनात्मक सुझाव दिन, गलत कार्य उपर समयमै खवरदारी गर्न र राम्रा कार्यहरुलाई प्रशंसा गर्न नगरपालिकाको ढोका सदैव खुला रहने छ ।

नगरबासीहरुको चौतर्फी मागलाई मध्यनजर गर्दै नगरपालिकाबाट सम्बोधन हुन नसकेका योजनाहरुलाई जिल्ला स्तर र केन्द्रस्तर बाट सम्वोधन होस भन्ने हेतुले आवश्यक पहलका लागि प्रमुख अतिथि ज्यू एवं माननीय संविधानसभा सदस्यज्यू हरु मार्फत अनुरोध गर्न चाहन्छु । यहाँहरु सवैबाट नगरको विकासको हरेक अभियानहरुमा सहभागिता, सुझाव र सहयोग निरन्तर प्राप्त हुने विश्वास लिएको छ । अन्तमा यस नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा अमूल्य सुझाव उपलव्ध गराई सहयोग पुऱ्याउनुहुने सबै महानुभावहरु तथा निकायहरुमा आभार व्यक्त गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

हरिराम नागिला
प्रमुख एवं कार्यकारी अधिकृत

२०७२ पौष १९ गते आइतबार

निर्णयहरु

निर्णय नं १.

नगरपालिकाको पहिलो र दोस्रो नगरपरिषदबाट स्वीकृत निर्णयहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने निर्णय गरियो

निर्णय नं २

मिति २०७१/०९/२३ देखि २०७२/०९/१८ सम्मका बोर्ड बैठकका निर्णयहरु र आय व्यय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ३

चालु आ.ब. २०७३/७४ को बजेट, नीति तथा कार्यक्रम आवश्यकता र औचित्य अनुसार संशोधन गर्न न.पा. वोर्डलाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. ४:

सेवाग्राहीहरुलाई सम्मानका साथ मुस्कान सहितको सेवा Treat with Smile लागु गर्ने निर्णय गरियो ।

निर्णय नं ५:

आ.व. २०७३/०७४ मा हुने वार्षिक खरिद योजना तथा कार्य संचालन तालिका स्वीकृतिको लागि नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ६.

आ.व. २०७३/७४ को लेखापरिक्षक नियुक्तिका लागि न.पा. वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ७:

आ.व. २०७३/७४ को जिन्सी निरीक्षण, जिन्सी लिलाम, मिनाहा गर्ने कार्यको लागि नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ८:

नगरपालिकाको क्षेत्रमा सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुको नामावली पुस्तिका तयार गरी नगरपालिका कार्यालयको बेभ साईटमा सार्वजनिक गर्ने निर्णय गरियो । आ.व. २०७२/०७३ देखि नगरपालिका क्षेत्रको सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणालीबाट वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं ९:

नगर क्षेत्रको सडक र यातायातलाई व्यवस्थित गर्नको लागि तयार गरिएको नगर यातायात गुरुयोजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं १०:

नगपालिकामा वातावरणमैत्री स्थानीय शासन प्रारुप २०७० लाई आ.व. २०७२/७३ देखि कार्यान्वयनमा ल्याई नगरपालिकाको लागि तोकिएका सूचकहरु पुरा गर्ने निर्णय गरियो ।

निर्णय नं ११.

शुक्लागण्डकी नगरपालिका को मुख्य सडक क्षेत्रका बजारहरुलाई व्यवस्थित गरी बगैचा सहर (City of Garden)को रुपमा विकास गर्ने निर्णय गरियो ।

निर्णय नं १२:

यस नगरपालिका क्षेत्र भित्र बजारमा दिनप्रतिदिन वस्ती विकास भई जनघनत्व वढीरहेको कारण ढल निकासको प्रवन्ध नहुदा वजारमा ढल निकासको व्यवस्था हुन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १३:

यस नगरपालिका क्षेत्र भित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाहरुको पहिचान गरी लगत तयार गर्ने तथा उक्त जग्गाहरुको संरक्षण गर्ने निर्णय गरियो ।

निर्णय नं १४:

शुक्लागण्डकी नगरपालिकाको आ.व. २०७३/७४ को अनुमानित आय अनुमान पारित गर्ने निर्णय गरियो । उक्त आय अनुमान शर्मा एसोसियट्सद्धारा तयार पारिएको राजश्व प्रक्षेपण र सम्भाव्यता अध्ययन तथा राजश्व परामर्श समिति समेतको राय सुझावको आधारमा आ.व २०७३/७४ को लागि कर, शुल्क र दस्तुरहरु पारित गर्ने निर्णय गरियो ।

निर्णय नं १५:

यस नगरपालिकाको वडा नं १६ लाई वडा सेवा केन्द्र, दुलेगौंडा मार्फत सेवा प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं १६:

नगरपालिका वडा स्तरिय योजना तर्जूमा गोष्ठिहरुबाट सिफारिस भै आएका योजना कार्यक्रमहरुलाई सम्वन्धित विषयगत मन्त्रालय, कार्यालय तथा विकास साझेदार निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १७:

यस नगरपालिका क्षेत्र भित्र व्यवस्थित पशु बधशाला निर्माण गर्नका लागि जग्गा पहिचान गरी व्यवस्थित पशु बधशाला निर्माणका लागि पशु सेवा विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १८.

यस नगरपालि क्षेत्र भित्रको फोहर मैलाको दिर्घकालिन व्यवस्थापनका लागि आवश्यक ल्याण्डफिल साईट (Landfill Site)को जग्गा पहिचान गरी सार्वजनिक नीजि साझेदारीबाट फोहोर व्यवस्थापन गर्न आवश्यक कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं १९:

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यबिधि २०६८ बमोजिमका आवश्यक पूर्वाधारहरु तयार गरी बालमैत्री स्थानीय शासन लागु गर्न आवश्यक सूचकहरु पूरा गर्न पहल गर्ने निर्णय गरियो ।

निर्णय नं २०.

यस नगरपालिकालाई आ.व. २०७३/७४ भित्रै पुर्ण सरसफाई युक्त नगरपालिका घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं २१.

स्थानीय स्वायत्त शासन ऐन दफा २५० अनुसार यस नगरपालिकाको स्वीकृत मौजुदा दरबन्दीमा कार्यारत कर्मचारीको आ.ब. २०७१/०७२ खाईपाई आएको तलबमान अनुमोदन गरियो ।

निर्णय नं २२.

यस नगरपालिकामा प्रकोप व्यवस्थापन सम्वन्धि आकस्मिक सेवाका लागि भुकम्प, वाढी पहिरो, आगलागी जस्ता दैवी प्रकोप नियन्त्रण तथा न्युनीकरण गर्न जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्न उद्धार एवं राहत तथा पुनस्थापनाका लागि समुदाय र सम्वन्धित सरोकारवाला सँग सहकार्य गरी प्रकोप व्यवस्थापन समिति गठन गरि Disaster Risk Management Plan तयार गरि लागू गर्ने निर्णय स्वीकृत गरियो ।

निर्णय नं २३.

हरियाली पार्क र वातावरण व्यवस्थापनका लागि जनशक्ति परिचालन गर्ने र प्रारम्भिक बातावरणिय प्रभाव मुल्याङ्कन (EIA) गर्ने निर्णय स्वीकृत गरियो ।

निर्णय नं २४.

आ.ब. २०७१/७२ का लागि स्वीकृत योजना तथा कार्यक्रमहरुको भए गरेका कार्यहरुको मिति २०७२/०४/२९ गते गरिएको बार्षिक समिक्षा गोष्ठीको प्रतिवेदन माथि छलफल गर्दा सन्तोषजनक पाईएकोले अनुमोदन गरियो ।

निर्णय नं २५.

यस नगरपालिकामा गठित पदपूर्ति समितिले पेश गरेको प्रतिवेदन उपर छलफल गरी अनुमोदन गरियो ।

निर्णय नं २६.

आ.व. २०७२/०७३ को लागि दोस्रो नगरपरिषदबाट अनुमानित स्वीकृत आय व्ययको सन्दर्भमा नेपाल सरकारबाट अख्तियारी प्राप्त भए बमोजिम सोही अनुपातमा आय व्यय संशोधन गरी पेश भए अनुसार अनुमोदन गरियो ।

निर्णय नं २७.

नगरपालिकाको लेखा प्रणालीमा सुधार ल्याई समय साक्षेप लेखा प्रणाली लागू गर्न एवं प्रोदभावी लेखा प्रणाली (Accural Accounting System) मा जान आवश्यक तालिमको व्यवस्था गर्ने निर्णय स्वीकृत गरियो ।

निर्णय नं २८.

आगामी बर्षको लागि आयोजना तथा कार्यक्रम सञ्चालनका लागि परामर्शका लागि चालु आ.व.को असार मसान्त भित्र परामर्शदाता सुचिकृत गर्ने निर्णय गरियो ।

निर्णय नं २९.

यस नगरपालिकाको राजस्व सम्भाव्यता अध्ययन/प्रक्षेपण गरी प्राप्त सुझावका आधारमा राजस्व परिचालन सम्बन्धि विनियमावली तयार गर्ने निर्णय गरियो ।

निर्णय नं ३०.

यस नगरपालिकाले गरेका विकासका क्रियाकलापहरु र सेवा प्रवाहका सम्बन्धमा राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यममा समाचार सम्प्रेषण गर्ने यस जिल्लाका एक जना प्रत्रकारलाई शुक्लागण्डकी नगरपालिका पत्रकारीता पुरस्कार रु १०,०००।- दिने निर्णय गरियो ।

निर्णय नं. ३१.

स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम देहायका कोषहरु स्थापना गरी निरन्तरता दिने निर्णय गरियो ।

क) प्रकोप उद्धार विशेष कोष ।

ख) मर्मत सम्भार विशेष कोष ।

ग) गरिवी निवारण तथा सामाजिक परिचालन विशेष कोष ।

घ) महिला तथा बालबालिका विशेष कोष ।

ङ) स्वास्थ्य सामुदायिक विशेष कोष ।

च) वातावरणीय व्यवस्थापन विशेष कोष ।

छ) कर्मचारी कल्याण कोष ।

निर्णय नं. ३२.

नगर परिषद तथा बोर्ड बैठकबाट हुने समिति, उपसमिति, कार्यदल बैठक, टेण्डर कोटेशन खोल्दा उपस्थित हुने प्रतिनिधिहरुलाई प्रति बैठक रु. ५००।- भत्ता दिने निर्णय गरियो ।

निर्णय नं. ३३.

उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरुलाई कार्यस्थलमा स्वीकृत ढाँचामा सार्वजनिक परीक्षण गरेर मात्र अन्तिम भुक्तानी दिने व्यवस्थालाई अनिवार्य वनाउने निर्णय गरियो ।

निर्णय नं ३४.

नेपाल सरकारले निर्दिष्ट गरेको लक्षित वर्ग अन्तर्गतका योजनाहरु वाहेक अन्य योजनाहरुमा कम्तिमा २० प्रतिशत लागत सहभागिता जनसहभागिता जूटाउने गरी आयोजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३५.

नगरपालिकाको सिमा क्षेत्र भित्र रहेका सम्पुर्ण व्यक्तिगत एवं सार्वजनिक जग्गाको पून:नापी गरी नयां नाप नक्शा तयार गर्नका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा मार्फत सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

निर्णय नं ३६.

भूउपयोग योजना निमार्ण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं ३७.

नगरपालिकाले शहरी विकास मन्त्रालयसगँ समन्वय गरी व्यवस्थित बसोबासका लागि Land Pooling कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ३८.

आगामी २ वर्ष भित्र वातावरणमैत्री स्थानिय शासनयूक्त नगर घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं ३९.

राष्ट्रिय भवन संहिता २०६० र भवन निमार्ण सम्वन्धि मापदण्ड २०७१ लाई पूर्ण रुपमा कार्यन्वयन गर्ने साथै चालु आ.व देखि नगरक्षेत्र भित्र बनेका सबै नयाँ भवनहरु भवन संहिता बमोजिम निमार्ण गर्न आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ४०.

नगरपालिकाले पूराना घरहरुलाई भूकम्पबाट जोगाउन Retrofiting योजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ४१.

भूकम्प वा विपद वा अन्य प्रयोजनका लागि नगरपालिकाले निश्चत क्षेत्रलाई खुला क्षेत्रमा समावेश गर्न संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय मार्फत गृह मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ४२.

नगरमा स्वस्थ र सफा मासू आपूर्तिका लागि उपयूक्त स्थानमा नीजि वा सार्वजनिक वा नीजि सार्वजनिक पशु बधशाला संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ४३.

नगरक्षेत्र भित्रका सबै सडकहरुको right of way निर्धारण गरिने छ ।आगामी आ.व. देखि निमार्ण हुने सवै भवनले right of way को मापदण्ड पालना गर्नुपर्ने निर्णय गरियो ।

निर्णय नं ४४.

नगरपालिकाले समुदाय सगँ सहकार्य गरी मूल सडकको वरपर सौय उर्जाको माध्यमबाट सडक बत्तिको व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं ४५.

प्रत्येक वडा नागरिक मञ्चको सक्रियतामा प्रत्येक चौमासिकमा कम्तिमा १ पटक वडा सफाई वा हरियाली अभियान संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ४६.

हरेक वर्ष नगरपालिकाले न्यूनतम शर्त तथा कार्यसम्पादन मापन २०६६ ले निर्धारण गरेका न्यूनतम शर्तहरु पूरा गरी कम्तिमा ७० प्रतिशत भन्दा बढि अकं ल्याउन आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं ४७.

नगरपालिकाले वित्तिय सुशासन कार्ययोजना निमार्ण गरी वित्तिय सुशासन कायम गर्नेछ ।जस अर्न्तगत म्याद नाघेको पेश्कीलाई शुन्य र बेरुजु कम्तिमा ७० प्रतिशत घटाउन आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं ४८.

नगरपालिकामा व्यवसाय गर्ने व्यवसायीहरुको पहिचान गरी व्यवसाय करको दायरामा आउन सक्ने करदाताहरु मध्ये कम्तिमा ७०% कर दाताहरुलाई दायरा भित्र ल्याई व्यवसाय कर उठाउने निर्णय गरियो ।

निर्णय नं ४९.

नगरपालिको आन्तारिक आयमा अघिल्लो वर्ष भन्दा कम्तिमा २०% ले वृद्धि गर्ने निर्णय गरियो ।

निर्णय नं ५०.

रु ६० लाख भन्दा माथिको सवै प्रकारको ठेक्कामा ई-सवमिसन लागू गरिने छ,

निर्णय नं ५१.

सामाजिक सुरक्षा भत्ता बैङ्गमार्फत वितरण गरिने छ र पूर्ण अशक्त/असाहय वृद्ध वृद्धाहरुलाई घर मै गएर भत्ता वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं ५२.

नगरपालिकालाई भ्रष्टाचारमा शुन्य सहनशिल नगरपालिकाको रुपमा घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं ५३.

नगरपालिकाको सक्रियतामा वडाहरुमा शहरी स्वास्थ्य क्लिनिक संचालनका लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं ५४.

नगरपालिकाले आफ्नो नगरको समग्र विकासका लागि Comprehensive Town Plan निर्माण गरी कार्यन्वयन गरिने छ ।

निर्णय नं ५५.

नगरपालिकाले पर्यटन मन्त्रालय सगँ समन्वय गरी नगरको कम्तिमा एक वस्तिमा Homestay कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ५६.

नगरपालिकाले हरेक वर्ष आफनो क्षेत्रमा रहेको सम्पूर्ण सार्वजनिक जमिन तथा सम्पतिको लगत तयार गरी सोको जानकारी मन्त्रालयमा पठाउने निर्णय गरियो ।

निर्णय नं ५७.

नगरपालिकाबाट सहयोग पाउने सामुदायिक विद्यालयहरुमा पानी सहितको छात्र/छात्रा का लागि अलग-अलग शौचालय निर्माणमा जोड दिने निर्णय गरियो ।

निर्णय नं ५८.

नगरपालिकाले वातावाण मैत्री स्थानिय शासनका प्रारुप २०७० मा उल्लेखित वातावरण मैत्री कार्यलयका सुचकहरुलाई पूर्णरुमा कार्यान्वयनमा ल्याईने निर्णय गरियो ।

निर्णय नं ५९.

नगरक्षेत्रमा घर निमार्णमा संलग्न डकर्मी मिस्त्री आदिलाई तालिम प्रदान गरी भवन संहिता सम्बन्धि तालिम प्राप्त जनशक्तिबाट भवन बनाउने व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं ६०.

नगरक्षेत्रमा ३ वर्ष भित्र TownHall र view tower निमार्ण गरिने कार्यको थालनी गर्न आवश्यक तयारी गर्ने निर्णय गरीयो ।

निर्णय नं ६१.

नगरपालिकाले देश भित्रको एक र देश बाहिरको कुनै एक नगरपालिका सगँ भगिनी सम्बन्ध विस्तार गर्ने निर्णय गरियो ।

निर्णय नं ६२.

ईतिहासविद् र पुरातत्वविदको सहायतामा नगर क्षेत्रमा रहेको एतिहासिक स्थलको पहिचान गरी सो स्थानमा ढुंगामा विवरण राखी सो स्थलमा पर्यटक प्रर्वद्दन गर्ने निर्णय गरियो ।

निर्णय नं ६३.

City civil code निर्माण गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं ६४.

नगरक्षेत्रभित्र एक वस्तु एक नगर कार्यक्रम संचालनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं ३२.

नगरपालिकालाई Center of Excellence बनाउन कम्तिमा आगामि ५ वर्ष भित्र ISO १४०० प्राप्त गर्न कार्ययोजना निमार्ण भई कार्यन्वयनमा गर्ने निर्णय गरियो ।

निर्णय नं ६५.

कार्यकारी अधिकृतले नगरपालिकाका हरेक कर्मचारी तथा शाखागत रुपमा अलग-अलग सूचकमा आधारित कार्यसम्पादन सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ६६.

नगरस्तरिय विकास निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री तथा कच्चापदार्थको गुणस्तर मापदण्ड निर्माण गरी लागू गर्ने निर्णय गरियो ।

निर्णय नं. ६७.

नगरपालिका बोर्ड बैठकले निर्णय गरेका देहायका सडकहरुको मापदण्ड निर्धारण गर्ने निर्णय गरियो ।

ढोरफिर्दी क्षेत्र

सि. नं	सडकको नाम	प्रस्तावित मापदण्ड	कैफियत
१	ढोरवाराही मोटर मार्ग	सरकारी मापदण्ड	दुलेगौंडा साँखे
२	दुलेगौंडा लामागाउँ मोटर मार्ग	१० मी	सेती नदी हिलेपुलबाट घारी हुदै सुरौदी खोला
३	शुक्ला मार्ग	१० मी	गणपतीबाट लालिम, खोरादी हुदै लोकतीटार
४	लामागाउँ भाटडाडा मोटर मार्ग	१० मी	ढान्डर वडगाउँ हुदै भाटडाडा दुलेगौंडा लामागाँउ मार्गमा जोडिने
५.	क्याग्दी जरेवर मोटर मार्ग	१० मी	तिव्वतियन शरणार्थी क्याम्पबाट क्याग्दी मालेवगर
६.	नयाँ वस्ती स्याउली वजार मार्ग	१० मी	घारी तालेवसी स्कुल पछाडी
७.	तालवेसी चुवादी मार्ग	१० मी	स्याउली हुदै चुवादी जाने बाटो
८.	मिलन मोटर मार्ग	७ मी	क्याग्दी जरेवर मोटर मार्गबाट जिवजुना स्कुल , शुक्लामार्ग, दुर्गामन्दीर हुदै मुस्ताङ वस्ती जोडिने
९.	डाग्रेपानी मार्ग	७ मी	शुक्लामार्ग हुदै नविनटोल हुदै
१०.	पाटन ढोरवाराही मोटर मार्ग	१० मी	पाटन चोक हुदै सिर चढाउनेसम्म
११.	कोट खड्गकाली हिमाली मार्ग	१० मी	वाराही सिर चढाउने हुदै गुर्दुम मगरनास सम्म
१२.	कृर्ती रजस्थल मोटर मार्ग	१० मी	मान्द्रे पौवा हुदै रजस्थलसम्म
१३.	शहिद कृष्ण मार्ग	७ मी	पाटन हुदै पण्डित थुम्का हुदै कोट खड्गकाली मार्ग जोडिने
१४.	सृजना मार्ग	७ मी	वराहा खोला हुदै
१५.	ज्ञान मार्ग	७ मी	वराहा खोला हुदै ढोरवाराही मार्ग वराहा खोला मिसिने

१६.	नमुना मोटर मार्ग	१० मी	ढोरवाराही मोटर मार्गको मान्द्रे मलागिरी हुदै सेप्लाङ्गसम्म
१७.	लामिश्वारा मार्ग	७ मी	ढोरवाराही मार्गको कट्टीको आप हुदै लामीस्वारा सम्म
१८.	लोकतान्त्रिक गणतान्त्रिक मार्ग	७ मी	ढोरवाराही मार्गको घोर्मे, लामिस्वारा हुदै कृत्ति रजस्थलमार्ग जोडिने
१९.	अमर शान्ति मोटर मार्ग	७ मी	ढोरवाराही वडा कार्यालय नजिक हुदै
२०.	ध्रुवतारा मोटर मार्ग	७ मी	कृती रजस्थल मोटर मार्गको पौवा, वाङ्गराङ्ग हुदै ढोरवाराही मार्ग ठेसम खोला सम्म
२१.	शान्ती मार्ग	१० मी	ढोर बाराही मोटर मार्गको साँखे, कोलम्फे हुदै कृति रजस्थल मोटर मार्गमा जोडिने
२२.	शिव अकला मार्ग	८ मी	क्याग्दी जरेवर मार्गबाट किमलडाडा, लोकतीटार हुदै जरेवर
२३.	क्याग्दी जानकी मार्ग	६ मी	वडा नं १३
२४.	दुर्गामाता मार्ग	६ मी	ढोरवाराही मोटर मार्गको वराहा खोलाबाट अर्खुदीसम्म
२५.	फुलवारी मोटर मार्ग	७ मी	ढोरवाराही मोटर मार्ग छाव्दीबाट वैशाखे घाटसम्म
२६.	वडा नं १३ का प्लटिङ्गका बाटाहरु	८ मी	
२७.	छाव्दी देउराली ठुलोवन डिहीटार मार्ग	७ मी	शुक्लागण्डकी वडा नं १४
२८.	दुर्गा माता	८ मी	क्याङ्दी जरेवर मोटर मार्गबाट संगमटोल हुदै शुक्लामार्ग दुर्गा मन्दीर जोडिने

खैरेनीटार क्षेत्र

सि. नं	सडकको नाम	प्रस्तावित मापदण्ड	कैफियत
१.	पृथ्वी राजमार्ग	सरकारी मापदण्ड	
२	जनसेवा मोटर मार्ग	८ मी	पृथ्वी राजमार्गको प्रगति टोल, नयागाँउ, टपर गाँउ दिवस मा वि हर्कपुर मार्ग सम्म
३	खैरेनी भिमाद	सरकारी मापदण्ड	पृथ्वी राजमार्गको भिमाद चोकबाट म्याग्दे दोवान सम्म
४	तिनखोले देवि मोटर मार्ग	८ मी	पृथ्वी राजमार्गबाट वडा कार्यालय, नौविसे, ज्याम्दी हुदै व्यागन
५.	खैरेनी रिङ्ग रोड	८ मी	चण्डी चोक देखि वडा कार्यालय पृथ्वी राजमार्ग सम्म
६.	मदन आश्रित मोटर मार्ग	८ मी	प्रगति टोल सुर्योदय स्कुल लाईन हुदै सिलाङ्गघारी.....
७.	कुम्ले नेराथुम मोटर मार्ग	८ मी	पृथ्वीराजमार्ग कुम्लाखोलाबाट काउरे हुदै नेराथुम
८.	ओखले चैनपुर मोटर मार्ग	८ मी	ओखले पधेरो सम्म
९.	खैरेनी भित्री बजार वडा नं ११	८ मी	पृथ्वी राजमार्गबाट श्रमिक चोक, एकान्त कुना, टुडा, शान्तिनगर पुरानो बाटो
१०.	शुक्लागण्डकी ११ खैरेनी मार्ग	८ मी	शान्तिनगर भित्री बाटो
११.	प्रगति टोल भित्री मार्ग	६ मी	प्रगती टोलको मार्ग
१२.	शिव मन्दिर खडे चौतारा	६ मी	गुरुङ्ग पधेरो शिव मन्दिर खडे चौतारा हुदै
१३.	शुक्लागण्डकी ११ खैरेनी मार्ग	६ मी	शान्तिनगर, खुर्सानीवास टुडाको रिङ्गरोड
१४.	खैरेनीटार मार्ग ११	६ मी	शुक्ला चोकबाट च्यानडाडा जाने सडक
१५.	शुक्लागण्डकी वडा नं ११ को मार्ग	८ मी	बाहुन गाँउ (वगैचा टोल) महिला सहकारी हुदै झोलुङ्गे पुलसम्म जाने बाटो
१६.	भित्री प्लटिङ्गका बाटाहरु	८ मी	

१७.	खडेचौतारा घुम्ती चौतारा	८ मी	

दुलेगौंडा क्षेत्र

सी नं	सडकको नाम	प्रस्तावित मापदण्ड	कैफियत
१	मनकौरी मोटर मार्ग	८ मी	सहीद लालध्वज मोटर मार्ग हुदै तार्कुडाडा भङ्गारासम्म
२	मनकौरी मार्गमा जोडिने सहायक मार्ग	६ मी	
३	श्रीराम मोटर मार्ग	८ मी	हर्कपुर मोटर मार्गबाट बन्केवा हुदै भुजिकोट दगाम
४	लालध्वज मोटर मार्ग	सरकारी मापदण्ड	पृथ्वीराज मार्ग कोत्रेबाट चिसापानी गुह्रेखोला हुदै
५	लालध्वज मोटर मार्गमा जोडिने मागहरु	६ मी	
६	बाघ भैरव मोटर मार्ग	८ मी	पृथ्वीराजमार्ग कोत्रेबाट जुवादी, मकनपुर भुजिकोट श्रीराम मार्गमा
७	जुवादी एक्लेखेतका प्लटीङ्ग मार्गहरु	न्युनतम ६ मी	
८	नर्सरी वस्तीका मार्ग	न्युनतम ७ मी	लालध्वज मार्ग देखि मनकौरी मार्ग सँग जोडिने
९	हंशवाहीनी मार्ग	न्युनतम ७ मी	
१०	भुलभुले वराही मोटर मार्ग	८ मी	पृथ्वी राजमार्ग देखि हर्कपुर मार्ग जोडिने
११	गाछेपान भित्रि मार्ग (भुलभुले वराहीबाट हलेदी खोला जोडिने)	६ मी	गाछेपानी भित्रि मार्ग
१२	शिलादेवी मोटर मार्ग	६ मी	पृथ्वीराजमार्ग हलेदीबाट वागेडाडा हुदै देविस्थान सम्म
१३	हलेदे बजार सेती नदी मार्ग	८ मी	
१४	च्यवन धाम सेती नदी मार्ग	६ मी	ढोरवाराहीमार्ग बाट च्यवन धाम हुदै सेती नदी खेलकुद मैदान सम्म
१५	दुलेगौंडा हर्कपुर मोटर मार्ग	सरकारी मापदण्ड	पृथ्वीराजमार्गको दुलेगौंडाबाट कपासे, टार, हरेचौर, बन्केवा, भण्डारी गाँउ, उदेनढुङ्गा, कालिमच्याङ्ग हुदै टोड्के
